# बीमा प्रतिबिम्ब

**नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण**

**वर्ष १ अंक २ २०८२ बैशाख**




## पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुऱ्याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८१/८२ को बैशाख मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कार्यवाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुऱ्याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता, र आम सर्वसाधारणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

## नेपाली बीमा बजार

आ.व. २०८१/८२को बैशाख मसान्तसम्ममा बीमाक्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन्।

### १. बीमालेख संख्या

| सूचक | २०८१ बैशाख मसान्तसम्ममा | २०८२ बैशाख मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमालेख संख्या (*म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीवन बीमालेख बाहेक*) | ५,५७८,२६५ | ५,४६१,६०० | (२.०९) |
| म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या | ६,३०७,३६६ | ७,३४४,०२५ | १६.४४ |
| बैदेशिक रोजगार बीमालेख संख्या | २,०७०,२५६ | २,५०१,३६८ | २०.८२ |
| **कुल सक्रिय जीवन बीमालेख संख्या** | **१३,९५५,८८७** | **१५,३०६,९९३** | **९.६८** |
| **कुल जारी जीवन बीमालेख संख्या** | **५,५४४,८८५** | **५,६४७,९०९** | **१.८६** |
| **कुल निर्जीवन बीमालेख संख्या** | **२,४७८,७२७** | **२,६६६,८८७** | **७.५९** |

चालु आ.व २०८१/८२ को बैशाख मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट ५६ लाख ४७ हजार ९०९ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा २६ लाख ६६ हजार ८८७ वटा बीमालेख जारी भएका छन्। साथै, यस आ.व.को बैशाख मसान्तसम्ममा १ करोड ५३ लाख ६ हजार ९९३ वटा सक्रिय जीवन बीमालेख छन्।

### २. बीमाशुल्क संकलन

*रकम रु. करोडमा*

| सूचक | २०८१ बैशाख मसान्तसम्ममा | २०८२ बैशाख मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| प्रथम जीवन बीमाशुल्क संकलन | २,४३३.५६ | ३,०९०.२२ | २६.९८ |
| नविकरण जीवन बीमाशुल्क संकलन | ९,७१२.५९ | १०,९४४.८० | १२.६९ |
| **कुल जीवन बीमाशुल्क संकलन** | **१२,१४६.१५** | **१४,०३५.०३** | **१५.५५** |
| **कुल निर्जीवन बीमाशुल्क संकलन** | **३,३०६.८८** | **३,५८६.५०** | **८.४६** |
| **जम्मा बीमाशुल्क संकलन** | **१५,४५३.०२** | **१७,६२१.५३** | **१४.०३** |

गत आ.व. को बैशाख मसान्तको तुलनामा चालु आ.व २०८१/८२ को बैशाख मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ १५.५५ प्रतिशतले बृद्धि भई रु. १ खर्ब ४० अर्ब ३५ करोड बीमाशुल्क संकलन भएको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ ८.४६ प्रतिशतले बृद्धि भई ३५ अर्ब ८६ करोड बीमाशुल्क संकलन भई कुल रु. १ खर्ब ७६ अर्ब २२ करोड बीमाशुल्क संकलन भएको छ। कुल बीमाशुल्क संकलन गत आ.व. को बैशाख मसान्तको तुलनामा १४.०३ प्रतिशत बृद्धि हो।

## ३. बीमा दावी भुक्तानी विवरण

*रकम रु. करोडमा*

| सूचक | २०८१ बैशाख मसान्तसम्ममा | २०८२ बैशाख मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमा दावी भुक्तानी संख्या | २४८,९९९ | २१८,९५१ | (१२.०७) |
| जीवन बीमा दावी भुक्तानी रकम | ५,०६६.८९ | ४,८९५.४२ | (३.३८) |
| भुक्तानी हुन बाँकी दावी संख्या *(जीवन)* | २७,११७ | ५३,४८१ | ९७.२२ |
| भुक्तानी हुन बाँकी दावी रकम *(जीवन)* | २२७.७९ | ४४५.१५ | ९५.४२ |
| निर्जीवन बीमा दावी भुक्तानी संख्या | ११८,३१२ | ११३,९३७ | (३.७०) |
| निर्जीवन बीमा दावी भुक्तानी रकम | १,३७८.२६ | १,८५७.८५ | ३४.८० |
| भुक्तानी हुन बाँकी दावी संख्या *(निर्जीवन)* | १०३,०९७ | १०५,६२० | २.४५ |
| भुक्तानी हुन बाँकी दावी रकम *(निर्जीवन)* | २,०६४.८८ | ३,०३३.१६ | ४६.८९ |

चालु आ.व २०८१/८२ को बैशाख मसान्तसम्म जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या २ लाख १८ हजार ९५१ रहेको छ जस अन्तर्गत रु. ४८ अर्ब ९५ करोड भुक्तानी भएको छ। गत आ.व.को बैशाख मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा केही कमी आएको देखिन्छ। साथै, ५३ हजार ४८१ वटा दाबी अन्तर्गतको रु. ४ अर्ब ४५ करोड भुक्तानी हुन बाँकी रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८१/८२ को बैशाख मसान्तसम्ममा कुल १ लाख १३ हजार ९३७ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु १२ अर्ब ५८ करोड भुक्तानी भएको छ भने, ३० अर्ब ३३ करोड रुपैँयाको कुल १ लाख ५ हजार ६२० वटा दाबी संख्या भुक्तानी हुन बाँकी रहेको छ।

## ५. जीवन बीमाको पहुँच

| सूचक | २०८१ बैशाख मसान्तसम्ममा | २०८२ बैशाख मसान्तसम्ममा |
|---|---|---|
| बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा (*म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक*) | १७.२८ | १६.७७ |
| बीमाको दायरामा आएको जनसंख्या प्रतिशत (*म्यादि र लघु म्यादि जीवन बीमालेख सहित*) | ३६.८१ | ३९.३१ |
| **बीमाको दायरामा आएको जनसंख्या प्रतिशत** (*म्यादि, लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित*) | **४३.५६** | **४७.३९** |

*१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।*

राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको बृद्धि प्रतिशतका आधारमा बैशाख मसान्तसम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गर्दा ४७.३९% जनसंख्यामा बीमाको पहुँच पुगेको छ भने ५२.६१% जनसंख्या बीमाको पहुँच बाहिर रहेको पाईएको छ।

## ४. समर्पण तथा व्यतित विवरण

*रकम रु. करोडमा*

| सूचक | २०८१ बैशाख मसान्तसम्ममा | २०८२ बैशाख मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| समर्पण संख्या | ८९,०७७ | ८८,६३५ | (०.५०) |
| समर्पण रकम | १,०९८.७१ | १,२२७.२३ | ११.७० |
| व्यतित बीमालेखको संख्या | १,१२३,७४२ | १,२५४,४७८ | ११.६३ |
| व्यतित बीमालेखको रकम | ३,०९८.६७ | ३,६८६.१० | १८.९६ |

चालु आ.व २०८१/८२ को बैशाख मसान्तसम्म ८८ हजार ६३५ वटा बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु १२ अर्ब २७ करोड समर्पण रकम रहेको छ। त्यसैगरी, १२ लाख ५४ हजार ४७८ बीमालेख व्यतित भएकाछन् भने व्यतित बीमालेखको रकम रु ३६ अर्ब ८६ करोड रहेको छ।

## ६. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

| सूचक | २०८१ बैशाख मसान्तसम्ममा | २०८२ बैशाख मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,८३१ | १,८४७ | ०.८७ |
| निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,१२२ | १,१५१ | २.५८ |
| **बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या** | **२,९५३** | **२,९९८** | **१.५२** |
| जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ५,८३८ | ६,०८७ | ४.२७ |
| निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ५,८२० | ६,०७५ | ४.३८ |
| **बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या** | **११,६५८** | **१२,१६२** | **४.३२** |

चालु आ.व.को बैशाख मसान्तसम्ममा जीवनमा १,८४७, निर्जीवनमा १,१५१ गरी जम्मा शाखा संख्या २,९९८ पुगेको छ भने जीवन तर्फ ६,०८७ र निर्जीवन तर्फ ६,०७५ गरी कुल १२ हजार १६२ जना कर्मचारी कार्यरत छन्।

## ७. जारी जीवन बीमालेख संख्या

| जीवन बीमालेख | २०८१ बैशाख मसान्तसम्ममा (१) | बीमालेख को हिस्सा प्रतिशत | २०८२ बैशाख मसान्तसम्ममा (२) | बीमालेख को हिस्सा प्रतिशत | (१) देखि (२) मा परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक | १७९,५२७ | ३.२४ | २३२,८६३ | ४.१२ | **२९.७१** |
| अग्रिम भुक्तानी सावधिक | २९,४५७ | ०.५३ | २८,९७४ | ०.५१ | **(१.६४)** |
| रुपान्तरित सावधिक | ३९,२८२ | ०.७१ | ४०,८४६ | ०.७२ | **३.९८** |
| बालबच्चा सम्बन्धि सावधिक | ७१,७२० | १.२९ | ८६,५०५ | १.५३ | **२०.६१** |
| बैदेशिक रोजगार म्यादि | ६१३,८७५ | ११.०७ | ६८०,०३८ | १२.०४ | **१०.७८** |
| आजिबन | ६,२६१ | ०.११ | ४,५४३ | ०.०८ | **(२७.४४)** |
| एकल बीमाशुल्क | १२,३७९ | ०.२२ | १८,०७१ | ०.३२ | **४५.९८** |
| म्यादि | २,३०६,८७४ | ४१.६० | ८९१,३७१ | १५.७८ | **(६१.३६)** |
| लघु | २,२७९,११८ | ४१.१० | ३,६५६,४०७ | ६४.७४ | **६०.४३** |
| अन्य | ६,३९२ | ०.१२ | ८,२९१ | ०.१५ | **२९.७१** |
| जम्मा | **५,५४४,८८५** | **१००.००** | **५,६४७,९०९** | **१००.००** | **१.८६** |

चालु आ.व.को बैशाख मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको हिस्सा सबै भन्दा बढी लघु जीवन बीमाको रहेको छ भने सबै भन्दा कम संख्यामा आजिवन बीमालेख जारी भएका छन् । गत आ.व. को बैशाख मसान्तसम्मको तुलनामा चालु आ.व.को बैशाख मसान्तसम्ममा जारी बीमालेख संख्या १.८६ प्रतिशतले बृद्धि भएको छ ।

## ८. सक्रिय जीवन बीमालेख संख्या

| जीवन बीमालेख | २०८१ बैशाख मसान्तसम्ममा (१) | बीमालेख को हिस्सा प्रतिशत | २०८२ बैशाख मसान्तसम्ममा (२) | बीमालेख को हिस्सा प्रतिशत | (१) देखि (२) मा परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक | १,९७७,५१८ | १४.१७ | २,०६६,९२० | १३.५० | ४.५२ |
| अग्रिम भुक्तानी सावधिक | ४४४,६९४ | ३.१९ | ४४५,३१५ | २.९१ | ०.१४ |
| रुपान्तरित सावधिक | ५३२,१९५ | ३.८१ | ५३९,६६१ | ३.५३ | १.४० |
| बालबच्चा सम्बन्धि सावधिक | ९७८,४६४ | ७.०१ | १,०३०,०३४ | ६.७३ | ५.२७ |
| बैदेशिक रोजगार म्यादि | २,०७०,२५६ | १४.८३ | २,५०१,३६८ | १६.३४ | २०.८२ |
| आजिबन | १७६,३२७ | १.२६ | १७६,६४२ | १.१५ | ०.१८ |
| एकल बीमाशुल्क | ७०,६५२ | ०.५१ | ८९,५२६ | ०.५८ | २६.७१ |
| म्यादि | ४,०१७,५५४ | २८.७९ | ३,३६३,६४९ | २१.९७ | (१६.२८) |
| लघु | ३,५६९,५५७ | २५.५८ | ४,९६९,८४३ | ३२.४७ | ३९.२३ |
| अन्य | ११८,६७० | ०.८५ | १२४,०३५ | ०.८१ | ४.५२ |
| जम्मा | १३,९५५,८८७ | १००.०० | १५,३०६,९९३ | १००.०० | ९.६८ |

चालु आ.व.को बैशाख मसान्तसम्ममा जीवन बीमकहरुको सक्रिय बीमालेखहरुको संख्याको हिस्सा सबै भन्दा बढी लघु जीवन बीमाको रहेको छ भने सबै भन्दा कम संख्या एकल बीमालेखको रहेको छ । गत आ.व. को बैशाख मसान्तसम्मको तुलनामा चालु आ.व.को बैशाख मसान्तसम्ममा सक्रिय बीमालेख संख्या ९.६८ प्रतिशत बृद्धि भएको छ ।

## ९. प्रदेश गत सक्रिय जीवन बीमालेख संख्या

| प्रदेश | २०८१ बैशाख मसान्तसम्ममा (१) | प्रदेशको हिस्सा प्रतिशत | २०८२ बैशाख मसान्तसम्ममा (२) | प्रदेशको हिस्सा प्रतिशत | (१) देखि (२) मा परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | १,१४४,२१९ | ८.२० | १,६८३,२७६ | ११.०० | ४७.११ |
| मधेश | ५७९,१६७ | ४.१५ | ६१६,६९९ | ४.०३ | ६.४८ |
| बागमती | १०,०१०,३०५ | ७१.७३ | १०,१२८,२६० | ६६.१७ | १.१८ |
| गण्डकी | ५३९,३८३ | ३.८६ | ७५१,५५० | ४.९१ | ३९.३४ |
| लुम्बिनी | ९७९,६३३ | ७.०२ | १,०४३,१०१ | ६.८१ | ६.४८ |
| कर्णाली | १९०,७४६ | १.३७ | ५२८,३४१ | ३.४५ | १७६.९९ |
| सुदूरपश्चिम | ५१२,४३४ | ३.६७ | ५५५,७६६ | ३.६३ | ८.४६ |
| जम्मा | १३,९५५,८८७ | १००.०० | १५,३०६,९९३ | १००.०० | ९.६८ |

चालु आ.व.को बैशाख मसान्तसम्ममा प्रदेश गत जीवन बीमकहरुको सक्रिय बीमालेखहरुको संख्याको हिस्सा सबै भन्दा बढी बागमती प्रदेशमा रहेको छ भने सबै भन्दा कम संख्या कर्णाली प्रदेशमा रहेको छ।

## १०. जारी निर्जीवन बीमालेख संख्या

| निर्जीवन बीमालेख | २०८१ बैशाख मसान्तसम्ममा (१) | बीमालेखको हिस्सा प्रतिशत | २०८२ बैशाख मसान्तसम्ममा (२) | बीमालेख को हिस्सा प्रतिशत | (१) देखि (२) मा परिवर्तन % |
|---|---|---|---|---|---|
| सम्पत्ति | ४१६,७९२ | १६.८१ | ४००,९२० | १५.०३ | (३.८१) |
| सामून्द्रिक | २६४,४७६ | १०.६७ | ३३३,३२७ | १२.५० | २६.०३ |
| हवाई | १०६ | ०.००४ | १०४ | ०.००४ | (१.८९) |
| मोटर | १,४१७,९०६ | ५७.२० | १,३२१,८५४ | ४९.५७ | (६.७७) |
| इन्जि. तथा ठे. जो. | २४,५२७ | ०.९९ | २७,११६ | १.०२ | १०.५६ |
| विविध | १३६,९१० | ५.५२ | १४१,०५५ | ५.२९ | ३.०३ |
| कृषि तथा बाली | ११४,५१३ | ४.६२ | १२२,८५२ | ४.६१ | ७.२८ |
| लघु | १०३,४९७ | ४.१८ | ३१९,६५९ | ११.९९ | २०८.८६ |
| जम्मा | २,४७८,७२७ | १००.०० | २,६६६,८८७ | १००.०० | ७.५९ |

चालु आ.व.को बैशाख मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको हिस्सा सबै भन्दा बढी मोटर बीमाको रहेको छ भने सबै भन्दा कम संख्या हवाई बीमालेख जारी भएका छन्। गत आ.व. को बैशाख मसान्तसम्मको तुलनामा चालु आ.व.को बैशाख मसान्तसम्ममा जारी बीमालेख संख्यामा ७.५९ प्रतिशत बृद्धि भएको छ।

### ११. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

| प्रदेश | २०८१ बैशाख मसान्तसम्ममा (१) | प्रदेशको हिस्सा प्रतिशत | २०८२ बैशाख मसान्तसम्ममा (२) | प्रदेशको हिस्सा प्रतिशत | (१) देखि (२) मा परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | ३१५,२५५ | १२.७२ | ३४९,५२५ | १३.११ | १०.८७ |
| मधेश | २६४,६७७ | १०.६८ | २८८,७७२ | १०.८३ | ९.१० |
| बागमती | १,०६२,९६७ | ४२.८८ | १,१३९,९७९ | ४२.७५ | ७.२५ |
| गण्डकी | २५५,०२६ | १०.२९ | २६७,१४५ | १०.०२ | ४.७५ |
| लुम्बिनी | ४०१,७६५ | १६.२१ | ४३६,५८१ | १६.३७ | ८.६७ |
| कर्णाली | ५१,५४१ | २.०८ | ४६,९६५ | १.७६ | (८.८८) |
| सुदूरपश्चिम | १२७,४९६ | ५.१४ | १३७,९२० | ५.१७ | ८.१८ |
| जम्मा | २,४७८,७२७ | १००.०० | २,६६६,८८७ | १००.०० | ७.५९ |

चालु आ.व.को बैशाख मसान्तसम्ममा प्रदेश गत निर्जीवन बीमकहरुको जारी गरेको बीमालेखहरुको संख्याको हिस्सा सबै भन्दा बढी बागमती प्रदेशमा रहेको छ भने सबै भन्दा कम संख्या कर्णाली प्रदेशमा रहेको छ।

### १२. जीवन बीमामा कुल बीमाशुल्क संकलन

*रकम रु. करोडमा*

| जीवन बीमालेख | २०८१ बैशाख मसान्तसम्ममा (१) | बीमालेख को हिस्सा प्रतिशत | २०८२ बैशाख मसान्तसम्ममा (२) | बीमालेख को हिस्सा प्रतिशत | (१) देखि (२) मा परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक | ४,५३९.५२ | ३७.३७ | ५,३७०.१३ | ३८.२६ | १८.३० |
| अग्रिम भुक्तानी सावधिक | २,७३९.४३ | २२.५५ | २,९११.४४ | २०.७४ | ६.२८ |
| रुपान्तरित सावधिक | १,६१८.७९ | १३.३३ | १,७३९.३५ | १२.३९ | ७.४५ |
| बालबच्चा सम्बन्धि सावधिक | १,८७२.८४ | १५.४२ | २,१५४.४८ | १५.३५ | १५.०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| बैदेशिक रोजगार म्यादि | २५८.११ | २.१३ | २८८.२८ | २.०५ | ११.६९ |
| आजिबन | ३४३.४० | २.८३ | ३५९.६३ | २.५६ | ४.७३ |
| एकल बीमाशुल्क | १८९.३६ | १.५६ | ५६९.६५ | ४.०६ | २००.८२ |
| म्यादि | १२६.७७ | १.०४ | १२५.१२ | ०.८९ | (१.३०) |
| लघु | २२६.६२ | १.८७ | २४३.३१ | १.७३ | ७.३६ |
| अन्य | २३१.३२ | १.९० | २७३.६५ | १.९५ | १८.३० |
| जम्मा | १२,१४६ | १००.०० | १४,०३५ | १००.०० | १५.५५ |

चालु आ.व.को बैशाख मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको हिस्सा सबै भन्दा बढी सावधिक जीवन बीमालेखमा रहेको छ भने सबै भन्दा कम बीमाशुल्क संकलन म्यादी बीमालेखमा रहेको छ। गत आ.व. को बैशाख मसान्तसम्मको तुलनामा चालु आ.व.को बैशाख मसान्तसम्ममा कुल बीमाशुल्क संकलन १५.५५ प्रतिशत ले बृद्धि भएको छ।

## १३. प्रदेश अनुसार कुल बीमाशुल्क संकलन

*रकम रु. करोडमा*

| प्रदेश | २०८१ बैशाख मसान्तसम्म मा (१) | प्रदेशको हिस्सा प्रतिशत | २०८२ बैशाख मसान्तसम्म मा (२) | प्रदेशको हिस्सा प्रतिशत | (१) देखि (२) मा परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | १,४६९ | १२.०९ | १,६८८ | १२.०२ | १४.८८ |
| मधेश | १,०९१ | ८.९८ | १,२४० | ८.८३ | १३.६३ |
| बागमती | ५,३७० | ४४.२१ | ६,२५९ | ४४.५९ | १६.५५ |
| गण्डकी | १,२४२ | १०.२२ | १,४१४ | १०.०७ | १३.८५ |
| लुम्बिनी | १,९१२ | १५.७४ | २,१९४ | १५.६३ | १४.७५ |
| कर्णाली | ३३१ | २.७३ | ३९६ | २.८२ | १९.५८ |
| सुदूरपश्चिम | ७३१ | ६.०२ | ८४५ | ६.०२ | १५.५९ |
| जम्मा | १२,१४६ | १००.०० | १४,०३५ | १००.०० | १५.५५ |

चालु आ.व.को बैशाख मसान्तसम्ममा प्रदेश गत जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको हिस्सा सबै भन्दा बढी बागमती प्रदेशमा रहेको छ भने सबै भन्दा कम कर्णाली प्रदेशमा रहेको छ ।

## १४. निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

*रकम रु. करोडमा*

| निर्जीवन बीमालेख | २०८१ बैशाख मसान्तसम्ममा (१) | बीमालेखको हिस्सा प्रतिशत | २०८२ बैशाख मसान्तसम्ममा (२) | बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) मा परिवर्तन % |
|---|---|---|---|---|---|
| सम्पत्ति | ८१६.०५ | २४.६८ | ९०३.६९ | २५.२० | १०.७४ |
| सामून्द्रिक | १६२.७६ | ४.९२ | २१०.२४ | ५.८६ | २९.१७ |
| हवाई | २११.२६ | ६.३९ | १९०.१२ | ५.३० | (१०.०१) |
| मोटर | १,००९.२२ | ३०.५२ | १,०७७.८७ | ३०.०५ | ६.८० |
| इन्जि. तथा ठे. जो. | ५५३.६३ | १६.७४ | ६०६.३५ | १६.९१ | ९.५२ |
| विविध | ३६४.४६ | ११.०२ | ३८५.०९ | १०.७४ | ५.६६ |
| कृषि तथा बाली | १६८.५० | ५.१० | १३५.०३ | ३.७६ | (१९.८६) |
| लघु | २१.०० | ०.६४ | ७८.११ | २.१८ | २७१.९३ |
| जम्मा | ३,३०७ | १००.०० | ३,५८७ | १००.०० | ८.४६ |

चालु आ.व.को बैशाख मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको हिस्सा सबै भन्दा बढी मोटर बीमालेखमा रहेको छ भने सबै भन्दा कम बीमाशुल्क संकलन लघु बीमालेखमा रहेको छ । गत आ.व. को बैशाख मसान्तसम्मको तुलनामा चालु आ.व.को बैशाख मसान्तसम्ममा कुल बीमाशुल्क संकलन ८.४६ प्रतिशत ले बृद्धि भएको छ ।

## १५. प्रदेश अनुसार निर्जीवन कुल बीमाशुल्क संकलन

*रकम रु. करोडमा*

| प्रदेश | २०८१ बैशाख मसान्तसम्ममा (१) | प्रदेशको हिस्सा प्रतिशत | २०८२ बैशाख मसान्तसम्ममा (२) | प्रदेशको हिस्सा प्रतिशत | (१) देखि (२) मा परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | २९२.८३ | ८.८६ | ३१९.७६ | ८.९२ | ९.२० |
| मधेश | २१८.११ | ६.६० | २३७.५५ | ६.६२ | ८.९१ |
| बागमती | २,१६५.५५ | ६५.४९ | २,४०१.५४ | ६६.९६ | १०.९० |
| गण्डकी | १८०.७१ | ५.४६ | १८५.५६ | ५.१७ | २.६८ |
| लुम्बिनी | ३०१.०६ | ९.१० | ३१६.५६ | ८.८३ | ५.१५ |
| कर्णाली | ६१.७५ | १.८७ | ३४.५५ | ०.९६ | (४४.०५) |
| सुदूरपश्चिम | ८६.८६ | २.६३ | ९०.९८ | २.५४ | ४.७४ |
| **जम्मा** | **३,३०६.८८** | **१००.००** | **३,५८६.५०** | **१००.००** | **८.४६** |

चालु आ.व.को बैशाख मसान्तसम्ममा प्रदेश गत निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको हिस्सा सबै भन्दा बढी बागमती प्रदेशमा रहेको छ भने सबै भन्दा कम कर्णाली प्रदेशमा रहेको छ।

## १६. उजुरी दर्ता तथा फछ्यौंट

| विवरण | | आर्थिक वर्ष | |
|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ (बैशाख मसान्तसम्म) |
| गत वर्षको निवेदन बाँकी संख्या | | १९२ | २८७ |
| यस वर्षको निवेदन संख्या | केन्द्रिय कार्यालयमा | १५९ | १२१ |
| | प्रदेश कार्यालयमा | ८५ | ७७ |
| | कुल दर्ता | २४४ | १९७ |
| पुनरावेदनबाट आएका मुद्दाको संख्या | | १ | ३ |
| **जम्मा निवेदन** | | **४३७** | **४८८** |
| फैसला/सहमति भएका मुद्दा संख्या | फैसला | १०१ | ६७ |
| | सहमति | ४९ | २९ |
| | जम्मा फछ्यौंट | १५० | ९६ |
| **बाकीं संख्या** | | **२८७** | **३९२** |

प्राधिकरणमा यस आ.व.को बैशाख मसान्तसम्ममा कुल ४८२ वटा उजुरी दर्ता भएका छन् जसमध्ये ६३ वटा उजुरी मुद्दा फैसलाबाट र २१ वटा उजुरी सहमतीबाट गरी कुल ८४ वटा उजुरी फछ्यौंट भएका छन् भने ३९८ वटा उजुरी फछ्यौंट हुन बाँकीनै छ।

## १७. स्थलगत निरिक्षण

| निरिक्षण | जीवन | निर्जीवन | पुनर्बीमा | लघु जीवन | लघु निर्जीवन | जम्मा |
|---|---|---|---|---|---|---|
| नियमित निरीक्षण | ४ | १३ | ० | ३ | ० | २० |
| आकस्मिक निरीक्षण | ५ | ४ | २ | १ | ० | १२ |
| AML/CFT सम्बन्धी | ६ | ० | ० | ० | ० | ६ |
| **जम्मा निरीक्षण** | १५ | १७ | २ | ४ | ० | ३८ |

आ.व २०८१/८२ जेठ १५ गतेसम्ममा ४ जीवन बीमक, १३ निर्जीवन बीमक, र ३ लघु जीवन बीमक गरी कुल २० वटा नियमित स्थलगत निरीक्षण गरिएको छ भने १२ वटा आकस्मिक निरीक्षण गरिएको छ। साथै, ६ वटा बीमकहरुमा AML/CFT सम्बन्धी निरीक्षण समेत सम्पन्न भएको छ।

## १८. बीमालेख स्वीकृति

आ.व २०८१/८२ जेठ १५ गतेसम्ममा प्राधिकरणबाट कुल १७ वटा जीवन बीमालेखहरु र ०८ वटा निर्जीवन बीमालेखहरु स्वीकृति भएकाछन्। त्यसै गरी, ७ वटा बीमांकी नियुक्ती स्वीकृत गरेको छ।